# लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः१६ मितिः२०८१/०८/१४

## भाग-२

## लेटाङ नगरपालिका

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८१

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन), २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०६/२०**
**प्रमाणिकरण मितिः २०८१/०६/२०**

**प्रस्तावनाः**
लेटाङ नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ मा रहेको नगर प्रहरीको लागि आवश्यक योग्यता संशोधन गर्नुपर्ने भएकोले कार्यविधिको दफा ४७ ले दिएको अधिकार प्रयोग गरी कार्यविधिमा देहाय अनुसारको संशोधन गरिएको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) कार्यविधिको नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ ।
(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. दफा ८ को उपदफा (ख) मा संशोधनः पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको । तर भू.पू. नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी र भारतीय सेनाबाट अवकास प्राप्त व्यक्तिको हकमा ४८ वर्ष उमेर ननाघेको । र अन्यत्र जेसुकै लेखेको भएतापनि अवकास प्राप्त भू.पू. को हकमा न्यूनतम शैक्षिक योग्यता आवश्यक नपर्ने ।

संशोधन गर्नुपर्ने व्यवस्थाः

| हालको व्यवस्था | संशोधन गरिएको विषय | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ८ नगर प्रहरी कर्मचारीका लागि आवश्यक योग्यताः (ख) पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको । तर भू.पू. नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी र भारतीय सेनाबाट अवकास प्राप्त व्यक्ति तथा वारुण यन्त्रमा काम गरेको व्यक्तिको हकमा ४० वर्ष उमेर ननाघेको । | (ख) पुरुष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको । तर भू.पू. नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी र भारतीय सेनाबाट अवकास प्राप्त व्यक्तिको हकमा ४८ वर्ष उमेर ननाघेको । र अन्यत्र जेसुकै लेखेको भएतापनि अवकास प्राप्त भू.पू. को हकमा न्यूनतम शैक्षिक योग्यता आवश्यक नपर्ने । | नगर प्रहरी भर्ना र छनौट गर्ने ४० वर्ष उमेर समूहको भू.पू. कर्मचारी तथा न्यूनतम शैक्षिक योग्यता पूरा गरेका अवकास प्राप्त कर्मचारीहरु कम भई सिमित प्रतिस्पर्धा हुने भएकोले । |

**आज्ञाले,**
**नारायण न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**